SDGs 未来都市 大田区

**घरबाट निस्कने**

# स्रोतको रूपमा प्रयोग गरिने कुराहरू र फोहोरको वर्गीकरण तथा फाल्नको लागि निकाल्ने तरिका

**सङ्कलन गरिने दिन बिहानको 8 बजे सम्ममा** सङ्ग्रह स्थलमा निकाल्नुहोस्।
सङ्कलन गरिने दिन बाहेकको दिन वा रातको समयमा ननिकाल्नुहोस्।




साना रिचार्जेबल ब्याट्रीहरू (लिथियम आयन ब्याट्रीहरू आदि) को नष्ट विधिहरूको लागि पृष्ठ 3 मा जानुहोस्।

| | |
|---|---|
| **प्लास्टिक** हप्तामा 1 पटक ___ बार | **स्रोतको रूपमा प्रयोग गरिने कुराहरू** हप्तामा 1 पटक ___ बार |
| **जल्ने फोहोर** हप्तामा 2 पटक ___ ___ बार | **नजल्ने फोहोर** महिनामा 2 पटक त्यो महिनाको ___ · ___ (औँ) पटक ___ बार |

**ठूलो आकारको फोहोर**
ओता सहर, ठूला आकारको फोहोर सङ्कलन केन्द्र
☎0570-037-530
अग्रिम आवेदन प्रणाली (शुल्क लाग्नेछ)

सम्पर्क स्थानको लागि 8 पृष्ठमा जानुहोस्।

## ओता सहर फोहोर वर्गीकरण एप्लिकेसन

स्रोतको रूपमा प्रयोग गरिने कुराहरू, फोहोर सङ्कलन गरिने दिन र फाल्नको लागि निकाल्ने तरिका थाहा नभएको खण्डमा यहाँ हेर्नुहोस्!⇒ ⇒ ⇒ ⇒

"App Store" अथवा "Google Play" मा "ओता सहर फोहोर वर्गीकरण एप्लिकेसन (大田区ごみ分別)" टाइप गरेर पनि एप्लिकेसन डाउनलोड गर्न सकिन्छ।

**(उपलब्ध भाषाहरू: अंग्रेजी, चिनियाँ, कोरियाली, तागालग, नेपाली र भियतनामी)**

App Store बाट डाउनलोड

Google Play बाट डाउनलोड

# ①~④ लाई तपाईंले प्रयोग गर्नुहुने सङ्ग्रह स्थलमा सङ्कलन गरिने दिन बिहान 8 बजे सम्ममा निकाल्नुहोस्।

## ① प्लास्टिक


मार्क यसको चिन्ह हो!

*पुरा मार्क नभएको तर प्लास्टिकले मात्र बनेका सामानहरू पनि सङ्कलन गरिन्छ।


**प्लास्टिकले मात्र बनेका सामानहरू निकाल्नुहोस्।**
**सकेसम्म सफा प्लास्टिक निकाल्नुहोस्।**
**बाँकी रहेको खानेकुरा आदि हटाउनुहोस्।**

होमपेज

बेन्तो बक्स, कप नुडल आदिका प्लास्टिकले बनेका कन्टेनरहरू




झोलाहरू





कागज आदिका स्टिकर भएका कुराहरू



सजिलै उक्काउन सक्ने कुराहरूलाई उक्काउनुहोस्। उक्काउन नसक्ने कुराहरूलाई त्यतिकै "प्लास्टिक" को रूपमा निकाल्नुहोस्।

CD र DVD को बडी, CD र DVD को केस




कुसनिङ सामग्री




30cm जतिमा काट्नुहोस्।

भान्साका सामानहरू



**नोट**

**स्टाइरोफम र खानेकुराको ट्रे**



स्रोतको रूपमा प्रयोग गरिने कुराहरूमा नभईकन, प्लास्टिकमा

**नोट**


**पेय पदार्थको प्लास्टिकको बोतल बिर्को र लेबल**




बिर्को र लेबल मात्र प्लास्टिकमा कन्टेनर स्रोतको रूपमा प्रयोग गरिने कुराहरू

### प्लास्टिकको रूपमा सङ्कलन गर्न नसकिने कुराहरू (उदाहरण)

कुनै एक भागमा प्लास्टिक बाहेक अन्य सामग्री भएका कुराहरू



कटर



कपडा च्याप्ने पिनहरू



ह्यान्डी फ्यान



बलपेन

धेरै धातुका भागहरू भएका सामानहरू र ब्याट्रीबाट चल्ने कुराहरू

नजल्ने फोहोर

माथि लेखिएका कुराहरू बाहेकका सामानहरू (यसमा थोरै परिमाणको धातु भएका कुराहरू पनि पर्छन्।)

जल्ने फोहोर


## ② स्रोतको रूपमा प्रयोग गरिने 7 वस्तुहरू

प्रत्येक वस्तुको प्रशोधन सुविधा र प्रशोधन विधि फरक हुने हुनाले, सङ्कलन समय र सङ्कलन सवारी साधन दुवै, वस्तु अनुसार फरक हुन्छ।

**4 प्रकारमा विभाजन गरी डोरीले बाँध्नुहोस्। टाँसिने टेप प्रयोग नगर्नुहोस्।**

① पत्रिका र पर्चा

पत्रिका आदिमा च्यापिएको पर्चा पनि सँगै सङ्कलन




② म्यागजिन तथा विभिन्न कागजहरू

किताब, ब्रोसर, र्‍यापिङ पेपर, कागजको बक्स, अण्डाको पेपर प्याक आदि पनि सम्भव।



③ पेपर प्याक

पानीले पखालेर खोल्नुहोस्।



④ कार्डबोर्ड

डेलिभरी स्लिप, टाँसिने टेप, धातुको क्लिप आदि निकाल्नुहोस्।



**प्रत्येक वस्तुलाई विभाजन गरी भित्र भएको चीज देखिने झोलामा हाल्नुहोस्।**

⑤ खाद्य र पेय पदार्थको सिसा, सेरामिक आदिको बोतल

बिर्को बनाइएको सामग्री अनुसार

जल्ने फोहोर | नजल्ने फोहोर



⑥ खाद्य र पेय पदार्थको क्यान

स्न्याक्स र सीविडको क्यान पनि सङ्कलन


बिर्को पनि सँगै स्रोतको रूपमा प्रयोग गरिने कुराहरूमा




⑦ पेय पदार्थको प्लास्टिकको बोतल

**नोट**

बिर्को र लेबल
प्लास्टिक





*⑤⑥ र ⑦ लाई पानीले पखालेर निकाल्नुहोस्।

### स्रोतको रूपमा प्रयोग गरिने कुराहरू

स्प्रे क्यान र ग्याँस कार्ट्रिज


सबै प्रयोग गरेर भित्र भएको चीज देखिने छुट्टै झोलामा हाल्नुहोस्।
"स्रोतको रूपमा प्रयोग गरिने कुराहरू" को दिन



①, ③ र ④ लाई "90 ℓ वा सोभन्दा सानो बिर्को भएको कन्टेनर" वा "पानी नछिर्ने पारदर्शी वा अर्ध-पारदर्शी बलियो प्लास्टिकको झोला" मा हालेर निकाल्नुहोस्।

## ③ जल्ने फोहोर


### काँचो फोहोर
(पानी निचर्नुहोस्।)



### कपडाहरू




### फोहोर प्लास्टिक
पानीले पखाले पनि फोहोर नजाने प्लास्टिकलाई प्लास्टिकको दिन ननिकाल्नुहोस्।



### रबरले बनेका सामानहरू




### थोरै परिमाणको रूखका हाँगा र पातहरू
(50cm जतिमा काटी मुठा बनाएर बाँध्नुहोस्।)



*डाँठको मोटाइ 10cm भन्दा कम


### पुन: प्रयोग गर्न नसकिने कागज



### छालाले बनेका सामानहरू



### पेपर डाइपर
(फोहोर कुराहरू हटाएर झोलाको मुखलाई बाँध्नुहोस्।)



### प्रयोग गरिएको खाना पकाउने तेल
(कागज वा कपडामा सोसाउनुहोस् वा कोगुलेन्ट (जमाउने योगशील) ले एक ढिका बनाउनुहोस्।)




#### अनुरोध तथा सावधानी
- काँचो फोहोरलाई निचरेर त्यसको पानी निकालेर फाल्नुहोस्। साथै पत्रिका, पर्चा आदिले र्‍याप गरेमा कागजहरूबाट पनि जोगाउन सकिन्छ।
- बाँसको झीर जस्ता धारिला कुराहरूलाई कागज आदिले र्‍याप गरेर निकाल्नुहोस्।


## ④ नजल्ने फोहोर

**नजल्ने फोहोर निकाल्दा निम्न प्रकारहरूमा विभाजन गरी निकाल्नुहोस्।**


### सिसाले बनेका सामानहरू, साना घरेलु विद्युतीय उपकरणहरू, विभिन्न धातुहरू आदि



"खतरा (危険)" भनेर लेख्नुहोस्





तेल आदिले फोहोर सिसा, सेरामिक आदिको बोतल



कस्मेटिक जस्ता तरल पदार्थहरूलाई कागज वा कपडामा सोसाएर जल्ने फोहोरमा





●मोबाइल फोन, डिजिटल क्यामेरा जस्ता घरेलु विद्युतीय उपकरण (10 वस्तुहरू) सहरको सुविधाहरूमा पनि सङ्कलन गरिन्छ। (पृष्ठ 5 हेर्नुहोस्)





तेल आदिले फोहोर भएको क्यानहरू

### चिम र फ्लोरोसेन्ट बत्तीहरू
खरिद गरेको बेलाको बक्समा हालेर निकाल्नुहोस्।



### सामान्य ब्याट्री





### लाइटर



*यसमा भएको कुरा सबै प्रयोग गरेर खाली बनाउनुहोस्।


### छाता



#### अनुरोध तथा सावधानी
- सिसा, सुई, काट्ने उपकरणहरू जस्ता धारिला कुराहरूलाई बलियो कन्टेनर वा कागज आदिमा र्‍याप गरी बाहिरपट्टि "खतरा" भनेर लेख्नुहोस्।

## साना रिचार्जेबल ब्याट्रीहरू
(लिथियम आयन ब्याट्री, निकल मेटल हाइड्राइड ब्याट्री, निकल क्याडमियम ब्याट्री आदि)

(उदाहरण)



मोबाइल ब्याट्री　ट्याब्लेट टर्मिनल आदिको ब्याट्री प्याक




निकल क्याडमियम ब्याट्री　निकल मेटल हाइड्राइड ब्याट्री　लिथियम आयन ब्याट्री

**◆बिक्री पसल, (सामान्य सम्मिलित फाउन्डेशन) JBRC सङ्कलन सहयोग पसलले सङ्कलन गरिरहेको छ।**

**आर्थिक वर्ष रेइवा 8 सालमा सहरका केही सुविधाहरूमा सङ्कलन बक्सहरू राख्ने योजना छ। नयाँ जानकारीको लागि सहरको होमपेज हेर्नुहोस्।**
सहरको होमपेज एड्रेस https://www.city.ota.tokyo.jp/seikatsu/gomi/shigentogomi/kogata.html

(सामान्य सम्मिलित फाउन्डेशन) JBRC ☎03-6403-5673
[सोमबार-शुक्रबार (सार्वजनिक बिदाको दिन बाहेक) 9:00 AM~5:00 PM]

धुवाँ निस्कने र आगलागी दुर्घटनाको कारण बन्न सक्छ। फाल्नको लागि सङ्ग्रह स्थलमा नराख्नुहोस्।

*निम्न अवस्थाहरूमा फोहोर घटाउने प्रवर्द्धन विभाग अथवा सरसफाइ कार्यालयमा परामर्श गर्नुहोस्।
- JBRC द्वारा सङ्कलन गर्न नसकिने खण्डमा
- साना रिचार्जेबल ब्याट्रीहरू फुलेको अथवा ब्याट्रीमा क्षति भएको खण्डमा

## ठूला आकारको फोहोर (घरायसी प्रयोजन), शुल्क लाग्नेछ।

**आवेदन स्थल: ओता सहर, ठूला आकारको फोहोर सङ्कलन केन्द्र ☎ 0570-037-530**

खुला समय: 8:00 AM~7:00 PM (12/29~1/3 र वर्षमा केही पटक मर्मतसम्भार तथा निरीक्षण गरिने दिनहरू बाहेक)



- यसको दायरामा घरबाट निस्कने फर्निचर, बेडिङ, विद्युतीय उपकरणहरू जस्ता, एक साइडको लम्बाइ लगभग 30 cm वा सोभन्दा बढीका सामानहरू पर्दछन्।
- एयर कन्डिसनर, टेलिभिजन, फ्रिज (फ्रिजर), लुगा धुने मेसिन तथा लुगा सुकाउने मेसिन र कम्प्युटरहरूको लागि आवेदन दिन सकिनेछैन।
- फोन (जापानी, अंग्रेजी, चिनियाँ, कोरियाली, पोर्चुगिज, स्पेनिश, थाई र भियतनामी भाषा) अथवा इन्टरनेट (जापानी, अंग्रेजी, चिनियाँ र कोरियाली भाषा) मा आवेदन दिनुहोस्।
- सङ्कलन गरिने दिन र शुल्कको जानकारी आवेदनको बेला प्रदान गरिनेछ।
- ओता सहरको शुल्क लाग्ने ठूलो आकारको फोहोर प्रशोधन टिकट सुपरमार्केट र कम्बिनियन्स स्टोरमा खरिद गर्नुहोस्।
- शुल्क लाग्ने ठूलो आकारको फोहोर प्रशोधन टिकटमा सङ्कलन गरिने दिन, नाम अथवा दर्ता नम्बर लेख्नुहोस्।
- सङ्कलन गरिने दिन बिहान 8 बजेसम्ममा नाम लेखाएको बेला तोकिएको ठाउँमा लगेर राख्नुहोस्।
- आफैले ठूलो आकारको फोहोर लिएर जाने प्रणाली पनि छ। (यसको आवेदन फोनमा मात्र सीमित छ)।

**शुल्क लाग्ने ठूलो आकारको फोहोर प्रशोधन टिकट टाँस्नुहोस्!**


### शुल्क लाग्ने ठूलो आकारको फोहोर प्रशोधन टिकट (यो स्टिकरको हो।)




A टिकट एउटाको 200 येन





B टिकट एउटाको 300 येन




इन्टरनेटमा 24 घण्टा आवेदन दिन सकिन्छ।
(मर्मतसम्भार तथा निरीक्षण गरिने दिनहरू बाहेक)

### एकैसाथ ठूलो परिमाणको फोहोर (अस्थायी फोहोर) निकाल्ने खण्डमा

- सङ्ग्रह स्थलमा एक पटकमा निकाल्न सकिने फोहोरको परिमाण 3 वटा 45 ℓ को फोहोरको झोलासम्म हो (रूखको मुठा 3 वटासम्म)।
- 4 वटा झोला वा सोभन्दा बढीको लागि शुल्क लाग्नेछ।
- परामर्श स्थल: सरसफाइ कार्यालय



50cm भन्दा छोटो बनाएर काट्नुहोस्।
डाँठको मोटाइ 10cm भन्दा कम


### जनावरको शव (पेट)

घरमा पालेको कुकुर, बिरालो आदिको शव 25kg भन्दा कम भएको अवस्थामा मात्र शुल्क लिएर त्यसलाई लिइनेछ (एउटा शव: 3,100 येन)।

- आवेदन स्थल: सरसफाइ कार्यालय

### चराहरूबाट फोहोर जोगाउने जाली भाडामा दिइन्छ।

हामीले काग आदिले गर्ने क्षति रोकथामको लागि चराहरूबाट फोहोर जोगाउने जाली भाडामा दिइरहेका छौं। विस्तृत जानकारीको लागि क्षेत्राधिकारको सरसफाइ कार्यालयमा सोधपुछ गर्नुहोस्।




## सहरले सङ्कलन गर्न नसक्ने कुराहरू

### हानिकारक कुरा, आगो सल्काउने कुरा, खतरनाक कुरा र अत्यन्तै दुर्गन्ध फैलाउने कुराहरू

पेट्रोलियम पदार्थ (पेट्रोल, डिजेल, मट्टितेल, थिनर, इन्जिन ओइल, पेन्ट आदि), ग्याँसको सिलिन्डर (प्रोपेन ग्याँस, अक्सिजन आदि), विशेष व्यवस्थापन सामान्य नष्ट गर्ने कुराहरू (PCB पार्टपुर्जा, संक्रामक नष्ट गर्ने कुराहरू आदि), पटका, सलाई, ब्याट्री, विषाक्त र हानिकारक कुराहरू लगायत अन्य हानिकारक कुराहरू आदि


### अन्य सहरले सङ्कलन गर्न नसक्ने कुराहरू

माटो, बालुवा, ढुङ्गा, खरानी, कन्क्रिट ब्लक, ईँटा, पियानो, आगो प्रतिरोधी सेफ, टायर, मोटरसाइकल, सवारी साधन तथा अन्य तरल पदार्थहरू आदि

*आगो निभाउने उपकरण फाल्ने बेला आगो निभाउने उपकरण रिसाइकल प्रवर्द्धन केन्द्र (क. लि.) (☎03-5829-6773) मा सम्पर्क गरी परामर्श गर्नुहोस्।

**मेकर वा बिक्री पसलमा सम्पर्क गरी परामर्श गर्नुहोस्।**

मेकर वा बिक्री पसल थाहा नभएको खण्डमा सरसफाइ कार्यालय वा फोहोर घटाउने प्रवर्द्धन विभागमा सोधपुछ गर्नुहोस्।



घरेलु विद्युतीय उपकरण रिसाइकल (घरायसी प्रयोजन)

## एयर कन्डिसनर, टेलिभिजन, फ्रिज, फ्रिजर, लुगा धुने मेसिन, लुगा सुकाउने मेसिन

| फिर्ता लिन अनुरोध गर्ने ठाउँहरू | सङ्कलन तथा ढुवानी शुल्क | अनुमानित रिसाइकल शुल्क | |
|---|---|---|---|
| ① सामान खरिद गरेको बिक्री पसल अथवा त्यसलाई प्रतिस्थापन गर्ने सामान किन्ने बिक्री पसल | बिक्री पसल अनुसार फरक हुन्छ। | एयर कन्डिसनर | 550 येन~ |
| ② बिक्री पसलमा फिर्ता नगरी, सङ्कलनको लागि अनुरोध गर्ने खण्डमा<br>घरेलु विद्युतीय उपकरण रिसाइकल सङ्कलन केन्द्र<br>**0570-087-200**<br>(सोमबार~शुक्रबार 9:00 AM~5:00 PM) | आधारभूत शुल्क 3,500 येन~4,000 येन जति लाग्नेछ। | टेलिभिजन सानो (15 इन्च वा सोभन्दा सानो) | 1,320 येन~ |
| | | टेलिभिजन ठूलो (16 इन्च वा सोभन्दा ठूलो) | 2,420 येन~ |
| | | फ्रिज र फ्रिजर सानो (170 ℓ वा सोभन्दा सानो) | 3,740 येन~ |
| | | फ्रिज र फ्रिजर ठूलो (171 ℓ वा सोभन्दा ठूलो) | 4,730 येन~ |
| ③ आफैले लिएर जाने खण्डमा<br>(तल लेखिएको सम्पर्क गरी सोधपुछ गर्नुहोस्।) | नि:शुल्क | लुगा धुने मेसिन र लुगा सुकाउने मेसिन | 2,530 येन~ |
| | | नोट/वस्तु वा मेकर अनुसार शुल्क फरक हुन्छ। | |

अग्रिम रूपमा पोस्ट अफिसबाट रिसाइकल शुल्क ट्रान्सफर (ट्रान्सफर शुल्क छुट्टै आवश्यक) गरी, "भुक्तानी रसिद प्रमाणपत्र टाँसेको रिसाइकल टिकट" लिएर जानुहोस्।
(पोस्ट अफिसमा घरेलु विद्युतीय उपकरण रिसाइकल टिकटको व्यवस्था गरिएको हुन्छ।) तर शनिबार घरेलु विद्युतीय उपकरण रिसाइकल शुल्क ट्रान्सफरको काम गरिनेछैन।

| ओता सहर भित्रका तोकिएका फिर्ता लिने ठाउँहरू | ठेगाना | फोन नम्बर | खुला समय |
|---|---|---|---|
| लोजिनेट जापान कम्पनी लिमिटेड हिगासी निहोन | केइहिनजिमा 3-3-12 | 03-5755-9400 | सोमबार~शुक्रबार (सार्वजनिक बिदाको दिन, ओबोन र वर्षको अन्त्य तथा सुरुको अवधि बाहेक), शनिबार (अनियमित बिदा)<br>9:00 AM~12:00 PM, 1:00 PM~5:00 PM<br>खुला समय: 9:00 AM~11:30 AM, 1:00 PM~4:30 PM |
| ओकायामाकेन फ्रेट ट्रान्सपोर्टेशन कम्पनी लिमिटेड केइहिन शाखा | हेइवाजिमा 2-1-1 (केइहिन ट्रक टर्मिनल भवन 10) | 03-3762-8261 | सोमबार~शनिबार (सार्वजनिक बिदा, ओबोन र वर्षको अन्त्य तथा नयाँ वर्षको बिदा बाहेक), शनिबार (अनियमित बिदा)<br>9:00 AM~12:00 PM, 1:00 PM~5:00 PM (शनिबार 12:00 PM सम्म)<br>खुला समय: 9:00 AM~11:30 AM, 1:00 PM~4:30 PM (शनिबार 9:00 AM~11:30 AM) |

●अग्रिम सम्पर्क तथा आवेदन आवश्यक छैन। ●कानुनले मेकर आदिमा रिसाइकलको जिम्मेवारी हुन्छ भनेर तोकेको छ।
●रिसाइकल शुल्क जस्ता थाहा नभएको कुराहरू भएमा घरेलु विद्युतीय उपकरण रिसाइकल टिकट केन्द्र (☎0120-319640) मा सोधपुछ गर्नुहोस्।
होमपेज ▶▶▶ https://www.rkc.aeha.or.jp/

कम्प्युटर रिसाइकल (घरायसी प्रयोजन)

## ☐ घरमा प्रयोग नभएका कम्प्युटरहरू स्रोतको रूपमा प्रयोग गरिने कुराहरूको रूपमा पुन: प्रयोग भइरहेका छन्। (सहरमा सङ्कलन गर्न सकिँदैन।)

**कम्प्युटर मेकरले सङ्कलन** गरी पुन: स्रोतको रूपमा प्रयोग गरिन्छ।
**सङ्कलनको आवेदन** नष्ट गर्ने कम्प्युटर मेकरको सङ्कलन काउन्टरमा दिनुहोस्।
(होमपेजबाट पनि आवेदन दिन सकिन्छ।)

PC リサイクル







**दायरामा पर्ने डिभाइसहरू:**
डेस्कटप कम्प्युटरको बडी
नोटबुक कम्प्युटर
CRT डिस्प्ले
बिल्ट-इन CRT डिस्प्ले भएको कम्प्युटर
लिक्विड क्रिस्टल डिस्प्ले
बिल्ट-इन लिक्विड क्रिस्टल डिस्प्ले भएको कम्प्युटर

- कम्प्युटरको बनाउने कम्पनीमा आवेदन दिनुहोस्।
- PC रिसाइकल स्टिकर भएमा शुल्क लाग्नेछैन।
- आफैले बनाएको PC र कम्पनी बन्द भएको मेकरको लागि 3R प्रवर्द्धन संघमा सम्पर्क गरी सोधपुछ गर्नुहोस्।

कम्प्युटर 3R प्रवर्द्धन संघ
☎03-5282-7685
[सोमबार~शुक्रबार (सार्वजनिक बिदा, ओबोन र वर्षको अन्त्य तथा नयाँ वर्षको बिदा बाहेक) 10:00 AM~5:00 PM]

साना घरेलु विद्युतीय उपकरणहरू (10 वस्तुहरू)

◆सङ्कलन वस्तुहरू (10 वस्तुहरू)

| | | | | |
|---|---|---|---|---|
| मोबाइल फोन<br>ट्याब्लेट टर्मिनल<br> | पोर्टेबल म्युजिक प्लेयर<br> | पोर्टेबल गेमिङ डिभाइस<br> | डिजिटल क्यामेरा<br> | पोर्टेबल भिडियो क्यामेरा<br> |
| पोर्टेबल कार नेभिगेसन<br> | इलेक्ट्रोनिक शब्दकोश<br> | डेस्क क्याल्कुलेटर<br> | AC एडाप्टर<br> | USB मेमोरी<br> |




◆सङ्कलन बक्स राखिएका ठाउँहरू (42 वटा ठाउँहरू)
•ओता सहर कार्यालय (1F लबी, 8F फोहोर घटाउने प्रवर्द्धन विभाग)
•सरसफाइ कार्यालय (ओमोरी, कामाता), (सामान्य सम्मिलित संस्था) ओता सहर वातावरण सरकारी निगम देनएनच्योफु मुख्यालय
•विशेष उपशाखा कार्यालय (18 ठाउँहरू)
•पुस्तकालय (ओता, ओमोरी-मिनामी, ओमोरी-हिगासी, ओमोरी-निसी, कुगाहारा, सेनजोकुइके, हानेदा, रोकुगोउ, तामागावा, कामाता)
•उपभोक्ता सेवा केन्द्र, मिनामी-मागोमे सांस्कृतिक केन्द्र, इकेगामी हल, युकिगाया सांस्कृतिक केन्द्र, कुमिन प्लाजा, सान्न्यो प्लाजा, ओता कुमिन हल, आपुरिको, कामुकामु सिन कामाता, ओमोरी क्षेत्रीय कार्यालय

**नोट**
- सङ्कलन बक्सको सामान छिराउने ठाउँ 30cm×15cm मा छिर्ने सामानहरू दायरामा पर्नेछन्।
- व्यक्तिगत जानकारी मेटाउनुहोस्।
- ब्याट्री निकाल्नुहोस्।

# स्रोतको रूपमा प्रयोग गरिने कुराहरू, फोहोर सङ्कलन बारहरू र सरसफाइ कार्यालयको क्षेत्राधिकार सूची

| सङ्ग्रह स्थल भएको ठाउँ | | | प्लास्टिक | स्रोतको रूपमा प्रयोग गरिने कुराहरू | जल्ने फोहोर | नजल्ने फोहोर (त्यो महिनाको ○ (औँ) पटकको) | क्षेत्राधिकार |
|---|---|---|---|---|---|---|---|
| इ | इकेगामी | 1 च्योउमे, 2 च्योउमे, 4 च्योउमे | बुध | शनि | सोम र बिही | दोस्रो र चौथो शुक्रबार | ओमोरी |
| | | 3 च्योउमे, 5 च्योउमे [1~22 बान्, 25 बान्, 26 बान्]<br>6 च्योउमे, 7 च्योउमे [1~23 बान्, 25 बान्, 26 बान्, 29 बान्]<br>8 च्योउमे [1~19 बान्] | शनि | बुध | सोम र बिही | पहिलो र तेस्रो मंगलबार | |
| | | 5 च्योउमे [23 बान्, 24 बान्, 27 बान्, 28 बान्] | मंगल | शुक्र | बुध र शनि | दोस्रो र चौथो बिहीबार | कामाता |
| | | 7 च्योउमे [24 बान्, 27 बान्, 28 बान्, 30 बान्, 31 बान्]<br>8 च्योउमे [20~27 बान्] | | | | पहिलो र तेस्रो बिहीबार | |
| | इसिकावा च्यो | सबै क्षेत्र (1 च्योउमे, 2 च्योउमे) | सोम | बिही | मंगल र शुक्र | दोस्रो र चौथो बुधबार | च्योफु |
| उ | उनोकी | 1 च्योउमे | सोम | बिही | मंगल र शुक्र | पहिलो र तेस्रो शनिबार | |
| | | 2 च्योउमे, 3 च्योउमे | | | | दोस्रो र चौथो शनिबार | |
| ओ | ओमोरी-किता | 1 र 4 च्योउमे, 5 च्योउमे (1~8, 12, 13, 15 र 16 बान्)<br>5 च्योउमे (9~11 बान्, 14 बान्) | सोम | बिही | मंगल र शुक्र | दोस्रो र चौथो बुधबार | ओमोरी |
| | | 2 च्योउमे, 3 च्योउमे, 6 च्योउमे | | | | पहिलो र तेस्रो बुधबार | |
| | ओमोरी-नाका | सबै क्षेत्र (1 च्योउमे, 2 च्योउमे, 3 च्योउमे) | मंगल | शुक्र | बुध र शनि | दोस्रो र चौथो बिहीबार | |
| | ओमोरी-निसी | 1 च्योउमे, 2 च्योउमे | शुक्र | मंगल | बुध र शनि | दोस्रो र चौथो सोमबार | |
| | | 3 च्योउमे, 4 च्योउमे, 5 च्योउमे, 6 च्योउमे<br>7 च्योउमे [1~6 बान्, 7 बान् (6~19 गोउ)] | | | | पहिलो र तेस्रो सोमबार | |
| | | 7 च्योउमे [7 बान् (1~5 गोउ, 20~28 गोउ), 8 बान्, 9 बान्] | सोम | बिही | मंगल र शुक्र | पहिलो र तेस्रो बुधबार | कामाता |
| | ओमोरी-हिगासी | 1 च्योउमे, 2 च्योउमे | मंगल | शुक्र | बुध र शनि | दोस्रो र चौथो बिहीबार | ओमोरी |
| | | 3 च्योउमे, 4 च्योउमे, 5 च्योउमे | | | | पहिलो र तेस्रो बिहीबार | |
| | ओमोरी-होनच्योउ | 1 च्योउमे [1~8 बान्] | सोम | बिही | मंगल र शुक्र | पहिलो र तेस्रो बुधबार | |
| | | 1 च्योउमे [9~11 बान्]<br>2 च्योउमे [1~24 बान्, 25 बान् (1~9 गोउ, 20~30 गोउ)<br>26 बान्, 27 बान् (1~4 गोउ) र 31~33 बान्] | शुक्र | मंगल | बुध र शनि | दोस्रो र चौथो सोमबार | |
| | | 2 च्योउमे [25 बान् (10~19 गोउ)<br>27 बान् (5~7 गोउ) र 28~30 बान्] | मंगल | शुक्र | | दोस्रो र चौथो बिहीबार | |
| | ओमोरी-मिनामी | 1 च्योउमे [5~11 बान्, 12 बान् (8~16 गोउ)<br>17 बान् (7~17 गोउ) र 18 बान् (7~14 गोउ)]<br>2 च्योउमे, 3 च्योउमे, 4 च्योउमे, 5 च्योउमे | | | | पहिलो र तेस्रो बिहीबार | |
| | | 1 च्योउमे [1~4 बान्, 12 बान् (1 गोउ, 2 गोउ, 18 गोउ, 20~26 गोउ)<br>13~16 बान्, 17 बान् (1~6 गोउ र 18~27 गोउ)<br>18 बान् (1~6 गोउ, 16~26 गोउ), 19~24 बान्] | बुध | शनि | सोम र बिही | पहिलो र तेस्रो शुक्रबार | कामाता |
| का | कामाता | 1 च्योउमे, 2 च्योउमे, 3 च्योउमे | सोम | बिही | मंगल र शुक्र | पहिलो र तेस्रो बुधबार | |
| | | 4 च्योउमे, 5 च्योउमे | | | | दोस्रो र चौथो बुधबार | |
| | कामाता होन्च्यो | सबै क्षेत्र (1 च्योउमे, 2 च्योउमे) | | | | | |
| | कामिइकेदाइ | 1 च्योउमे (18, 19 बान्, 21~53 बान्), 4 च्योउमे<br>1 च्योउमे (1~17 बान्, 20 बान्) | बुध | शनि | सोम र बिही | दोस्रो र चौथो शुक्रबार | च्योफु |
| | | 2 च्योउमे, 3 च्योउमे | शनि | बुध | | पहिलो र तेस्रो मंगलबार | |
| | | 5 च्योउमे | | | | दोस्रो र चौथो मंगलबार | |
| कि | किता-कोजिया | सबै क्षेत्र (1 च्योउमे, 2 च्योउमे) | बुध | शनि | सोम र बिही | पहिलो र तेस्रो शुक्रबार | कामाता |
| | किता-सेनजोकु | सबै क्षेत्र (1 च्योउमे, 2 च्योउमे, 3 च्योउमे) | बुध | शनि | सोम र बिही | पहिलो र तेस्रो शुक्रबार | च्योफु |
| | कितामागोमे | सबै क्षेत्र (1 च्योउमे, 2 च्योउमे) | बिही | सोम | मंगल र शुक्र | पहिलो र तेस्रो शनिबार | ओमोरी |
| | किता-मिनेमाची | सबै क्षेत्र | मंगल | शुक्र | बुध र शनि | पहिलो र तेस्रो बिहीबार | च्योफु |
| कु | कुगाहारा | 1 च्योउमे | मंगल | शुक्र | बुध र शनि | दोस्रो र चौथो बिहीबार | |
| | | 2 च्योउमे | शुक्र | मंगल | बुध र शनि | पहिलो र तेस्रो सोमबार | |
| | | 3 च्योउमे, 4 च्योउमे, 5 च्योउमे, 6 च्योउमे | | | | दोस्रो र चौथो सोमबार | |
| सा | सान्नो | 1 च्योउमे | बिही | सोम | मंगल र शुक्र | पहिलो र तेस्रो शनिबार | ओमोरी |
| | | 2 च्योउमे | | | | दोस्रो र चौथो शनिबार | |
| | | 3 च्योउमे, 4 च्योउमे | | | | दोस्रो र चौथो बुधबार | |
| सि | सिमोमारुको | सबै क्षेत्र (1 च्योउमे, 2 च्योउमे, 3 च्योउमे, 4 च्योउमे) | शुक्र | मंगल | बुध र शनि | पहिलो र तेस्रो सोमबार | कामाता |
| | सिन्-कामाता | सबै क्षेत्र (1 च्योउमे, 2 च्योउमे, 3 च्योउमे) | मंगल | शुक्र | | पहिलो र तेस्रो बिहीबार | |

*अनिवार्य रूपमा सङ्कलन गरिने दिन सङ्ग्रह स्थलको चिन्ह निश्चय गर्नुहोस्। (तपाईंको घरको ठेगाना र सङ्ग्रह स्थल भएको ठाउँ फरक हुने अवस्थाहरू हुन सक्छन्)।

| सङ्ग्रह स्थल भएको ठाउँ | | | प्लास्टिक | स्रोतको रूपमा प्रयोग गरिने कुराहरू | जल्ने फोहोर | नजल्ने फोहोर (त्यो महिनाको ○ (औँ) पटकको) | क्षेत्राधिकार |
|---|---|---|---|---|---|---|---|
| ता | तामागावा | सबै क्षेत्र (1 च्योउमे, 2 च्योउमे) | शुक्र | मंगल | बुध र शनि | दोस्रो र चौथो सोमबार | कामाता |
| चि | चिदोरी | 1 च्योउमे [1~19 बान्] | शुक्र | मंगल | बुध र शनि | दोस्रो र चौथो सोमबार | च्योफु |
| | | 1 च्योउमे [20~26 बान्], 2 च्योउमे [1~26 बान्, 28~35 बान्, 37 बान्] | सोम | बिही | मंगल र शुक्र | दोस्रो र चौथो शनिबार | |
| | | 2 च्योउमे [27 बान्, 36 बान्, 38 बान्~41 बान्], 3 च्योउमे | शुक्र | मंगल | बुध र शनि | पहिलो र तेस्रो सोमबार | कामाता |
| | च्युउओ | 1 च्योउमे | बिही | सोम | मंगल र शुक्र | दोस्रो र चौथो शनिबार | ओमोरी |
| | | 2 च्योउमे | | बुध | | दोस्रो र चौथो सोमबार | |
| | | 3 च्योउमे, 7 च्योउमे, 8 च्योउमे | शनि | | सोम र बिही | दोस्रो र चौथो मंगलबार | |
| | | 4 च्योउमे, 5 च्योउमे, 6 च्योउमे | बुध | शनि | | दोस्रो र चौथो शुक्रबार | |
| ते | देन्-एन्-च्योफु | 1 च्योउमे | सोम | बिही | मंगल र शुक्र | दोस्रो र चौथो बुधबार | च्योफु |
| | | 2 च्योउमे, 3 च्योउमे, 4 च्योउमे, 5 च्योउमे | | | | पहिलो र तेस्रो बुधबार | |
| | देन्-एन्-च्योफु होनच्योउ | सबै क्षेत्र | बिही | सोम | | पहिलो र तेस्रो शनिबार | |
| | देन्-एन्-च्योफु-मिनामी | सबै क्षेत्र | | | | | |
| ना | नाका-इकेगामी | सबै क्षेत्र (1 च्योउमे, 2 च्योउमे) | शुक्र | मंगल | बुध र शनि | पहिलो र तेस्रो सोमबार | |
| | नाका-मागोमे | सबै क्षेत्र (1 च्योउमे, 2 च्योउमे, 3 च्योउमे) | बुध | शनि | सोम र बिही | पहिलो र तेस्रो शुक्रबार | ओमोरी |
| | नाका-रोकुगोउ | 1 च्योउमे | सोम | बिही | मंगल र शुक्र | दोस्रो र चौथो बुधबार | कामाता |
| | | 2 च्योउमे, 3 च्योउमे, 4 च्योउमे | बिही | सोम | | दोस्रो र चौथो शनिबार | |
| नि | निसी-कामाता | 1 च्योउमे, 2 च्योउमे, 3 च्योउमे, 4 च्योउमे, 5 च्योउमे, 6 च्योउमे, 7 च्योउमे | मंगल | शुक्र | बुध र शनि | दोस्रो र चौथो बिहीबार | |
| | | 8 च्योउमे | | | | पहिलो र तेस्रो बिहीबार | |
| | निसी-कोजिया | सबै क्षेत्र (1 च्योउमे, 2 च्योउमे, 3 च्योउमे, 4 च्योउमे) | शनि | बुध | सोम र बिही | दोस्रो र चौथो मंगलबार | |
| | निसी-मागोमे | सबै क्षेत्र (1 च्योउमे, 2 च्योउमे) | बुध | शनि | सोम र बिही | पहिलो र तेस्रो शुक्रबार | ओमोरी |
| | निसी-मिनेमाची | सबै क्षेत्र | बिही | सोम | मंगल र शुक्र | पहिलो र तेस्रो शनिबार | च्योफु |
| | निसी-रोकुगोउ | 1 च्योउमे | सोम | बिही | मंगल र शुक्र | दोस्रो र चौथो बुधबार | कामाता |
| | | 2 च्योउमे, 3 च्योउमे, 4 च्योउमे | बिही | सोम | | दोस्रो र चौथो शनिबार | |
| हा | हागि-नाका | सबै क्षेत्र (1 च्योउमे, 2 च्योउमे, 3 च्योउमे) | शनि | बुध | सोम र बिही | पहिलो र तेस्रो मंगलबार | |
| | हानेदा | सबै क्षेत्र (1 च्योउमे, 2 च्योउमे, 3 च्योउमे, 4 च्योउमे, 5 च्योउमे, 6 च्योउमे) | बुध | शनि | | दोस्रो र चौथो शुक्रबार | |
| | हानेदा आसाहि-च्योउ | सबै क्षेत्र | | | | पहिलो र तेस्रो शुक्रबार | |
| हि | हिगासी-कामाता | सबै क्षेत्र (1 च्योउमे, 2 च्योउमे) | सोम | बिही | मंगल र शुक्र | पहिलो र तेस्रो बुधबार | |
| | हिगासी-कोजिया | सबै क्षेत्र (1 च्योउमे, 2 च्योउमे, 3 च्योउमे, 4 च्योउमे, 5 च्योउमे, 6 च्योउमे) | बुध | शनि | सोम र बिही | पहिलो र तेस्रो शुक्रबार | |
| | हिगासी-मागोमे | सबै क्षेत्र (1 च्योउमे, 2 च्योउमे) | बिही | सोम | मंगल र शुक्र | पहिलो र तेस्रो शनिबार | ओमोरी |
| | हिगासी-मिनेमाची | सबै क्षेत्र | मंगल | शुक्र | बुध र शनि | दोस्रो र चौथो बिहीबार | च्योफु |
| | हिगासी-यागुची | 1 च्योउमे [1~4 बान्, 8 बान्, 9 बान् (1~7 गोउ, 19~21 गोउ), 10 बान् (8~13 गोउ)] | शनि | बुध | सोम र बिही | पहिलो र तेस्रो मंगलबार | ओमोरी |
| | | 1 च्योउमे [5~7 बान्, 9 बान् (8~18 गोउ), 10 बान् (1~7 गोउ), 11 बान्~18 बान्]<br>2 च्योउमे, 3 च्योउमे | मंगल | शुक्र | बुध र शनि | पहिलो र तेस्रो बिहीबार | कामाता |
| | हिगासी-युकिगाया | 1 च्योउमे, 4 च्योउमे | शनि | बुध | सोम र बिही | पहिलो र तेस्रो मंगलबार | च्योफु |
| | | 2 च्योउमे, 3 च्योउमे, 5 च्योउमे | | | | दोस्रो र चौथो मंगलबार | |
| | हिगासी-रोकुगोउ | सबै क्षेत्र (1 च्योउमे, 2 च्योउमे, 3 च्योउमे) | बिही | सोम | मंगल र शुक्र | पहिलो र तेस्रो शनिबार | कामाता |
| हे | हेइवा-जिमा | सबै क्षेत्र (1 च्योउमे, 2 च्योउमे, 3 च्योउमे, 4 च्योउमे, 5 च्योउमे, 6 च्योउमे) | मंगल | शुक्र | बुध र शनि | दोस्रो र चौथो बिहीबार | ओमोरी |
| हो | होन्-हानेदा | सबै क्षेत्र (1 च्योउमे, 2 च्योउमे, 3 च्योउमे) | बुध | शनि | सोम र बिही | दोस्रो र चौथो शुक्रबार | कामाता |
| मि | मिनामी-कामाता | सबै क्षेत्र (1 च्योउमे, 2 च्योउमे, 3 च्योउमे) | शनि | बुध | सोम र बिही | पहिलो र तेस्रो मंगलबार | |
| | मिनामी-कुगाहारा | सबै क्षेत्र (1 च्योउमे, 2 च्योउमे) | शुक्र | मंगल | बुध र शनि | दोस्रो र चौथो बिहीबार | च्योफु |
| | मिनामी-सेन्जोकु | 1 च्योउमे, 2 च्योउमे | बुध | शनि | सोम र बिही | दोस्रो र चौथो शुक्रबार | |
| | | 3 च्योउमे | | | | पहिलो र तेस्रो शुक्रबार | |
| | मिनामी-मागोमे | 1 च्योउमे, 2 च्योउमे, 3 च्योउमे | बिही | सोम | मंगल र शुक्र | दोस्रो र चौथो शनिबार | ओमोरी |
| | | 4 च्योउमे, 6 च्योउमे | बुध | शनि | सोम र बिही | दोस्रो र चौथो शुक्रबार | |
| | | 5 च्योउमे | | | | पहिलो र तेस्रो शुक्रबार | |
| | मिनामी-युकिगाया | सबै क्षेत्र (1 च्योउमे, 2 च्योउमे, 3 च्योउमे, 4 च्योउमे, 5 च्योउमे) | मंगल | शुक्र | बुध र शनि | पहिलो र तेस्रो बिहीबार | च्योफु |
| | मिनामी-रोकुगोउ | सबै क्षेत्र (1 च्योउमे, 2 च्योउमे, 3 च्योउमे) | बिही | सोम | मंगल र शुक्र | पहिलो र तेस्रो शनिबार | कामाता |
| या | यागुची | सबै क्षेत्र (1 च्योउमे, 2 च्योउमे, 3 च्योउमे) | शुक्र | मंगल | बुध र शनि | दोस्रो र चौथो सोमबार | |
| यु | युकिगाया ओचुकामाची | सबै क्षेत्र | सोम | बिही | मंगल र शुक्र | दोस्रो र चौथो बुधबार | च्योफु |

## व्यवसायसँग सम्बन्धित स्रोतको रूपमा प्रयोग गरिने कुराहरू र फोहोर फाल्नको लागि निकाल्ने तरीका (शुल्क लाग्ने)

कानुनले व्यवसायीमा आफूले निकालेको फोहोर आफैले प्रशोधन गर्ने जिम्मेवार हुन्छ भनेर तोकेको छ।

**सामान्यतया व्यवसायसँग सम्बन्धित स्रोतको रूपमा प्रयोग गरिने कुराहरू र फोहोरको प्रशोधनको काम "निजी सङ्कलन कम्पनी" लाई जिम्मा दिनुहोस्।**

- अनुमति प्राप्त कम्पनीलाई सङ्कलन, ढुवानी तथा नष्ट गर्ने कामको जिम्मा दिने विधि र आफैले प्रशोधन सुविधामा लिएर जाने विधि अपनाउन सकिन्छ।
  विस्तृत जानकारीको लागि सरसफाइ कार्यालय अथवा फोहोर घटाउने प्रवर्द्धन विभाग (03-5744-1629) मा सम्पर्क गर्नुहोस्।
- निजी सङ्कलन कम्पनीसँग सम्झौता गर्ने बेला फाल्नको लागि के निकाल्ने, परिमाण कति जति हुन्छ, कसले ओसार्ने र कहाँ, कसले, कसरी नष्ट गर्ने भन्ने कुरा निश्चय गर्नुहोस्।

○ सहरको कामको दायरामा घरबाट निकालिएका स्रोतको रूपमा प्रयोग गरिने कुराहरू र फोहोरहरू मात्र पर्छन्। हामीले घरको फोहोर सङ्कलनमा बाधा नपर्ने दायरा भित्र शुल्क लिएर व्यवसायसँग सम्बन्धित स्रोतको रूपमा प्रयोग गरिने कुराहरू र फोहोर सङ्कलन गरिरहेका छौं।

○ व्यवसायसँग सम्बन्धित स्रोतको रूपमा प्रयोग गरिने कुराहरू र फोहोरलाई सहरले गर्ने सङ्कलनमा निकाल्ने खण्डमा, ओता सहरले जारी गर्ने व्यवसायसँग सम्बन्धित शुल्क लाग्ने फोहोर प्रशोधन टिकटमा अनिवार्य रूपमा पसल वा कम्पनीको नाम लेखी, त्यसलाई स्रोतको रूपमा प्रयोग गरिने कुराहरू र फोहोरमा टाँसेर फाल्नको लागि निकाल्नुहोस्। सहरले गर्ने सङ्कलनमा निकाल्ने बेलाको वर्गीकरण र घरको फोहोरको वर्गीकरण एकै रहेको छ।

○ सहरले गर्ने सङ्कलनमा धुलो अवस्थाका र तेलयुक्त कुराहरू जस्ता सङ्कलन गर्न नसकिने कुराहरू पनि छन्।

○ सहरले व्यवसायसँग सम्बन्धित ठूलो आकारका फोहोरहरू आदि सङ्कलन गर्न सक्दैन।

● सहरले गर्ने सङ्कलनमा व्यवसायसँग सम्बन्धित फोहोर र स्रोतको रूपमा प्रयोग गरिने कुराहरू निकाल्ने खण्डमा यहाँ→

## व्यवसायसँग सम्बन्धित शुल्क लाग्ने फोहोर प्रशोधन टिकटका प्रकारहरू र खरिद विधि

- व्यवसायसँग सम्बन्धित शुल्क लाग्ने फोहोर प्रशोधन टिकट "ओता सहर फोहोर प्रशोधन टिकट बिक्री स्थल" को चिन्ह भएका पसल, सुपरमार्केट, कम्बिनियन्स स्टोर र सरसफाइ कार्यालयमा खरिद गर्नुहोस्।
  **ओता सहरले जारी गर्ने फोहोर प्रशोधन टिकट बाहेक अरू प्रयोग गर्न सकिँदैन।**
- सामान्यतया व्यवसायसँग सम्बन्धित शुल्क लाग्ने फोहोर प्रशोधन टिकट फिर्ता (भुक्तानी रकम फिर्ता) गर्न सकिनेछैन। तर आवश्यकताहरू पूरा गरेको खण्डमा फिर्ता गरिने अवस्थाहरू पनि हुन्छन्। विस्तृत जानकारीको लागि सम्बन्धित सरसफाइ कार्यालय अथवा फोहोर घटाउने प्रवर्द्धन विभाग (03-5744-1374) मा सोधपुछ गर्नुहोस्।
- हामीले रेइवा 5 साल अक्टोबरदेखि व्यवसायसँग सम्बन्धित स्रोतको रूपमा प्रयोग गरिने कुराहरू र फोहोरको शुल्क संशोधन गरेका छौं। रेइवा 5 साल सेप्टेम्बरको अन्त्यमा बिक्री समाप्त भएको व्यवसायसँग सम्बन्धित शुल्क लाग्ने फोहोर प्रशोधन टिकट (टिकटको नाममा "हेइसेइ 29 साल अक्टोबर संशोधन" भनेर लेखिएको टिकटहरू) फिर्ता तथा अन्तर रकम भुक्तानी गरी हालको टिकटसँग साट्ने प्रक्रिया रेइवा 10 साल अक्टोबर 31 तारिखमा समाप्त हुनेछन्। रेइवा 10 साल नोभेम्बर 1 तारिखदेखि यी प्रक्रियाहरू गर्न नसकिने हुनाले ध्यान दिनुहोस्।

| टिकटका प्रकारहरू | सेट शुल्क |
|---|---|
| सानो-10ℓ को टिकट (1 सेटमा 10 वटा) | 870 येन |
| मध्यम-20ℓ को टिकट (1 सेटमा 10 वटा) | 1,740 येन |
| ठूलो-45ℓ को टिकट (1 सेटमा 10 वटा) | 3,910 येन |
| अत्यन्तै ठूलो-70ℓ को टिकट (1 सेटमा 5 वटा) | 3,045 येन |

नमुना




## सम्पर्क स्थान

### ◆फोहोर सङ्कलन तथा सङ्ग्रह स्थलसँग सम्बन्धित कुराहरू (क्षेत्राधिकारको लागि पृष्ठ 6 र 7 को सूची हेर्नुहोस्।)

ओमोरी सरसफाइ कार्यालय च्युउओ 2-3-6 ・・・・・・・・・・・・・・・・・・・・・・・・・ ☎03-3774-3811

कामाता सरसफाइ कार्यालय (च्योफु इलाका) सिमोमारुको 2-33-1 ・・・・・・・・・・・・・・・・・ ☎03-6459-8201

कामाता सरसफाइ कार्यालय (कामाता इलाका) सिमोमारुको 2-33-5 ・・・・・・・・・・・・・・・・ ☎03-6451-9535

### ◆स्रोतको रूपमा प्रयोग गरिने कुराहरू, प्लास्टिकको सङ्कलन र 3R प्रवर्द्धनसँग सम्बन्धित कुराहरू

फोहोर घटाउने प्रवर्द्धन विभाग कामाता 5-13-14 ・・・・・・・・・・・・・・・・・・・・・ ☎03-5744-1628

### ◆ठूलो आकारको फोहोरसँग सम्बन्धित कुराहरू (आवेदन तथा सोधपुछ)

ठूला आकारको फोहोर सङ्कलन केन्द्र ・・・・・・・・・・・・・・・・・・・・・・・・・・ ☎0570-037-530